This document is signed digitally!

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(..... शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ८३/८४
चलानी नम्बर :- **कम्पनी प्र.-८३/८४-१२४-१०६४८**

मिति : २०८३-०७-१०

(ने.सं. ११४६)

विषय :- **कम्पनी दर्ता भएको प्रमाणपत्र पठाइएको ।**

श्री गंगा उपरकोटी
सूर्यविनायक नगरपालिका-९ भक्तपुर,बागमती प्रदेश

तपाई समेतले **काठमाण्डौं महानगरपालिका-७ काठमाडौं,बागमती प्रदेश** मा रजिष्ट्रार्ड कार्यालय स्थापना गरी प्रबन्ध पत्रमा उल्लेख भएको काम गर्ने उद्देश्यले श्री **एपल ब्युटी एकेडेमी** नामको कम्पनी दर्ता गरी पाउन प्रबन्ध पत्र तथा नियमावली समेत साथमा राखी दिनु भएको निवेदनमा कारवाही हुँदा माग अनुसारको कम्पनी संस्थापन गरीदिने निर्णयानुसार कम्पनी संस्थापन भएको **नं. ४०६८७९** मिति **२०८३/०७/१०** को सक्कल प्रमाण-पत्र र प्रबन्ध-पत्र तथा नियमावली १/१ प्रति साथै राखी पठाईएको छ। त्यस कम्पनीले निम्न शर्तहरुको पालना गर्नु पर्ने व्यहोरा पनि सूचना गरिएको छ ।

शर्तहरु:-

१) अधिकृत पूँजी **रु. १०००००.००** कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी **रु. १०००००.००** तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी **रु. १०००००.००** कायम गरिएको छ।
२) कम्पनी कानून अनुसारको पेश गर्नु पर्ने सबै कागजातहरु तोकिएको म्याद भित्र पठाउनु पर्नेछ।
३) कम्पनी कानून तथा अन्य प्रचलित ऐन नियमको प्रतिकुल हुने गरी कुनै कार्य गर्न पाइने छैन।
४) शुद्ध नेपाली भाषामा ठूलो अक्षरमा कम्पनीको नाम लेखिएको साइनबोर्ड सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।
५) कसैलाई पिरमर्का नपर्ने गरी कम्पनीको स्थापना गर्नु पर्नेछ।
६) कम्पनीको हिसाब किताब कम्पनी कानूनमा व्यवस्था भए अनुसार राख्नु पर्नेछ।
७) कम्पनीको प्रबन्धपत्र र नियमावलीका दफा एवं नियमहरु संसोधन गर्नुपर्ने भए कम्पनी कानून बमोजिम गरी स्वत: अभिलेख हुने व्यवस्था गरेकोमा वाहेक अन्यको हकमा यस कार्यालयबाट अभिलेख गराई सकेपछि मात्र संसोधित दफा र नियमहरु लागू हुनेछन्।
८) कम्पनी कानून बमोजिम कम्पनी संस्थापना भएको ३ महिना भित्र ठेगाना उल्लेख गरी कार्यालयमा पेश गरी सक्नुपर्नेछ। अन्यथा कानून बमोजिम जरीवाना लाग्नेछ। साथै सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कम्पनी दर्ता गराई स्थायि लेखा नम्बर लिनुहोला।

विशेष शर्तहरु:

१) प्रबन्ध-पत्रमा उल्लेखित उद्देश्य कार्यान्वयनका लागि अनुमति लिनु पर्ने विषयमा सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि र उधोग दर्ता गर्नु परेमा दर्ता गरिसकेपछि मात्र कार्य गर्नु पर्नेछ। कम्पनी दर्ता भएकोलाई नै उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान भएको मानिने छैन।
२) कम्पनी कानून बमोजिम कार्य सम्पादन गरि यस कार्यालयमा पठाउनु पर्ने कागजातहरु म्याद भित्र अनिवार्य रुपमा पठाउनु पर्नेछ।
३) यो कम्पनीको नाम दर्ता गर्दा पहिलो दर्ता भएको कुनै व्यापारिक नाम वा ट्रेडमार्कसँग मिलेमा सो नाम संशोधन गर्नुपर्ने छ।
४) यो कम्पनीले उत्पादन गर्ने वस्तु वा सेवामा कुनै व्यापारिक नाम वा चिन्ह (Trade name वा Trade mark) प्रयोग गर्ने भएमा पेटेण्ट डिजाइन र ट्रेडमार्क ऐन २०२२ बमोजिम दर्ता गराएर मात्र गर्नु पर्ने छ।

बोधार्थ:
श्री उधोग विभाग, त्रिपुरेश्वर
श्री घरेलु तथा साना उधोग विभाग/कार्यालय .....
श्री आन्तरिक राजश्व विभाग/कार्यालय .....
श्री नेपाल राष्ट्र बैक अनुसन्धान शाखा, बालुवाटार
श्री .....

फोन: ५३५९९४८ (रजिष्ट्रार), ५३६३०८९, ५३६७२५६, ५३१५०७७, ५३६१८२१, ५३५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने
नामथर : कम्पनी रजिस्ट्रारको कार्यालय
मिति : २०८३-०७-१०